कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित
(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड
# BUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED

**रजिष्टर्ड कार्यालयः** पानीपोखरी, महाराजगञ्ज-३, काठमाण्डौ, फोन नं. ०१-४५३०१५०
इमेलः lowertadi@gmail.com वेभसाईटः www.buddhabhuminepalhydro.com.np

को

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.४०,००,००,०००/- (अक्षेरेपी चालिस करोड) बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ४०,००,००० (चालिस लाख) कित्ता साधारण शेयरको १:१ (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.४०,००,००,०००/- (अक्षेरेपी चालिस करोड) बराबरको प्रति शेयर १००/- अंकित दरका ४०,००,००० (चालिस लाख) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित।

## दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।

**कम्पनीको विगत तीन वर्ष र प्रक्षेपित तीन वर्षको प्रमुख वित्तीय सुचकहरु देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० (Restated) | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८९.७४ | ७९.५८ | ७५.१४ | ८६.०९ | ८८.८४ | ९२.३९ |
| प्रति शेयर आम्दानी (रु.) | २.९० | (३.९०) | (४.३१) | (०.७३) | २.७५ | ३.५५ |
| जगेडा कोष तथा संचित नाफा (रु. हजारमा) | (५४,३४२) | (८१,६६१) | (९९,४३६) | (१११,२७५) | (८९,२८५) | (६०,९१३) |

***नोटः*** *विगत तीन आर्थिक वर्षमा प्रति शेयर नेटवर्थमा ह्रास आउनुको मुख्य कारण २०७९ साल श्रावण २५ गते खोलामा आएको बाढीले आयोजनामा क्षेती पुग्न गई १ महिनासम्म प्लान्ट बन्द हुनु, सुख्खा याममा खोलामा अपेक्षित रुपमा पर्याप्त पानी उपलब्ध नहुनु, नेपाल विद्युत प्राधिकरणले मर्मत सम्भार कार्यको लागि Scheduled Outage तथा Trip को कारणले गर्दा Forced Shutdown गरी करीब १७ दिन विद्युत उत्पादन बन्द हुनु लगाएतका कारणले गर्दा विद्युत बिक्रीबाट प्राप्त हुने आम्दानी कम भएकोले।*

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :**
विद्युत उत्पादन अनुमतीपत्र वहाल रहने अवधि मिति २०६९/१२/२७ देखि २१०४/१२/२६ गते सम्म रहेकोले २२ वर्ष बाँकी रहेको छ।

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशन कर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं। सो बारे यस विवरणको दफा (स) मा उल्लेख गरिएको छ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरुमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकाले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मुल्य नजानाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ), पृष्ठ नं. २६ देखि २८ सम्म उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने हकप्रद शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "IRN BB (Is)" (Pronounced as Infomerics Rating Nepal Issuer Rating Double B) प्रमाणपत्र प्राप्त गरेको छ। "IRN BB (Issuer Rating)]" ले कम्पनीको Moderate risk of default regarding timely servicing of financial obligations रहेको भन्ने बुझिन्छ। इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA (Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड IRN AAA ले बलियो आधार जनाउँछ र IRN D ले कमजोर आधार जनाउँदछ। रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको दफा (व) पृष्ठ नं.३४ मा उल्लेख गरिएको छ।

**इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८२/०४/०८** | **बहाल रहने अवधि २०८३/०४/०७**

श्री विद्युत नियमन आयोगबाट मिति २०८१/०७/१२ गतेको पत्र बमोजिम ४.९९३ मे.वा. क्षमताको तल्लो ताँदी खोला जलविद्युत आयोजनाको प्रवर्द्धक श्री बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडले हकप्रद शेयर निष्काशनका लागि मिति २०८१/०३/०६ मा पेश गरेको निवेदन बमोजिम कम्पनीको हालको चुक्ता पूँजी रु.४०,००,००,०००/- को १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम स्वीकृति प्राप्त गरेको छ।

**विद्युत नियमन आयोगबाट हकप्रद शेयर निष्काशन गर्न सहमति प्रदान गरिएको मितिः २०८१/०७/०२**

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८२/१०/२१**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८२/१२/०२**

**निष्काशन खुल्ला हुने मिति :**
**२०८२/१२/२२ गते**

**निष्काशन बन्द हुने मिति :**
**२०८३/०१/१३ गते (बैकिङ्ग समय पश्चात्)**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL
**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं, फोनः ५९०५९९४, फ्याक्सः ५९०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

## “हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था र विवरणहरु”

### हकप्रद शेयर सम्बन्धि व्यवस्था तथा विवरणहरुमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा

क) **“विवरणपत्र”** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न कम्पनी ऐन, २०६३ को दफा २३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ कोदफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि प्रस्तुत गरिएकोपुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **“धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक”** भन्नाले एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) **“संगठित संस्था/कम्पनी”** भन्नाले निष्काशनकर्ता कम्पनी बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

घ) **“धितोपत्र”** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थालेजारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुनसक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरीद, बिक्रि वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

ङ) **“संकलन केन्द्र”** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ ।

च) **“निष्काशन बैंक”** भन्नाले निष्काशन तथा बिक्रि प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

छ) **“सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन”** भन्नाले बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

ज) **“नियमन निकाय”** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग, विद्युत बिकास विभाग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

झ) **“बोर्ड”** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्दछ ।

ञ) **“आस्वा सदस्य”** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

ट) **“वित्तीय विवरण”** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

ठ) **“प्रति शेयर नेटवर्थ”** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

ड) **“प्रति शेयर आम्दानी”** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

ढ) **“साधारण लगानी फिर्ता हुने अवधी”** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने वार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले कति वर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

ण) **“डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी”** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने वार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत Discount rate ले वर्तमान मूल्यमा परिणत गरी आउने नगद प्रवाहबाट परियोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति वर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

त) **“नगद प्रवाह”** भन्नाले परियोजनाबाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा अमोर्टाइजेसन जोडी कार्यशिल पूँजीमा भएको परिवर्तन(चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

थ) **“खुद सम्पत्ति (नेटवर्थ)”** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुर्नमूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनुपर्छ ।

**क) संगठित संस्थाको नाम :** बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड **(BUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED)**

**ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** कम्पनीको रजिष्टर्ड कार्यालय पानीपोखरी, महाराजगञ्ज -३, काठमाण्डौ रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

**ग) कारोवार स्थान :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय पानीपोखरी, महाराजगञ्ज र आयोजना स्थल नुवाकोट जिल्लाको पंचकन्या गाउँपालिका वडा नं. ४ अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

(१) बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६४ साल आश्विन ३० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७४ साल श्रावण ३१ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ ।

(२) यस कम्पनीको प्रारम्भिक शेयर निष्काशनका बखत २६ जना संस्थापक शेयर धनीहरु रहनु भएको थियो । मिति २०८१ आश्विन २१ गतेदेखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह धितोपत्रको दोश्रो बजारमा कारोबार भै रहेको छ । कम्पनीको प्रबन्धपत्रको दफा ६(ङ) (२) अनुसार जारी पूँजीको ७०% प्रतिशत संस्थापक शेयरधनीबाट (क समुह) लगानी गर्ने र बाँकी ३०% सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको थियो । कम्पनीले तल्लो ताँदी खोला जलविद्युत आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालय बाट मिति २०६९/१२/२७ मा प्राप्त गरेको हो र उक्त अनुमतिपत्र मिति २१०४/१२/२६ सम्म वहाल रहनेछ ।

(३) कम्पनीले तल्लो ताँदी खोलाको पानीबाट ४.९९३ मेगावाट जलविद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्दै आइरहेको छ । कम्पनीले निर्माण गरेको आयोजनाको कुल लागत रकम रू.१,४६९,१४५,०५० रहेको र प्रतिमेगावाट लागत २९४,२४०,९४७ करोड रहेको छ ।

(४) कम्पनीबाट उत्पादन गरिएको सबै विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७० साल चैत्र १० गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भइसकेको छ ।

(५) कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईन पिरियडमा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०८१ आश्विन २१ गते देखि लकईन पिरियड समाप्त भई साधारण शेयर सरह धितोपत्रको दोश्रो बजारमा खुल्ला रुपमा कारोवार भइरहेको छ ।

(६) कम्पनीले नुवाकोट जिल्लाको पंचकन्या गाउँपालिका वडा नं. .४ स्थित आफ्नै स्वामित्वमा तल्लो ताँदी खोला जलविद्युत आयोजना ४.९९३ मेगावाट विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६९/१२/२७ मा (४.९९३ मेगावाटको लागि) अनुमती पत्र प्राप्त गरेको थियो । उक्त अनुमति पत्र मिति २१०४/१२/२६ सम्म बहाल रहनेछ ।

(७) कम्पनीले तल्लो ताँदी खोला जलविद्युत आयोजना (४.९९६ मेगावाट) निर्माण सम्पन्न गरी २०७८ साल चैत १० गते देखि व्यापारीक उत्पादन सुरु गरी हाल सम्म निरन्तर विद्युत विक्रि गरिहेको छ । यस आयोजनाको वित्तिय व्यवस्थापन श्री सिध्दार्थ बैंक लिमिटेडको अगुवाईमा Consortium निर्माण गरी सम्पन्न गरिएको छ ।

**आयोजनाको संक्षिप्त विवरण :**

**आयोजना निर्माण गर्दा लागेको कुल लागत तथा मिति आश्विन समान्त, २०८२ अन्त्यमा कायम जम्मा ऋण सम्बन्धी विवरण :**

| कुल लागत (रु.) | जम्मा ऋण (रु.) | बक्यौता ऋण (रु.) | ऋण उपभोग शुरु मिति | ऋण भुक्तान अवधि |
|---|---|---|---|---|
| १४६,९१४,७०५० | १,००,६३,००,००० | ९६७,९४९,२२०.८८ | सन् २०१८ मे, १५ | १८ वर्ष |

**सर्वसाधारणहरुलाई प्रारम्भिक सार्वजनिक निष्काशन सम्बन्धी विवरण :**

कम्पनीको जारी पुंजी रु.४०,००,००,०००।- (अक्षेरेपी चालिस करोड) को ३० प्रतिशत अर्थात प्रति शेयर रु १००।- अंकित दरले हुन आउने रकम रु.१२,००,००,०००/- (अक्षेरेपी बाह्र करोड) रकम बरावरको १२,००,००० कित्ता साधारण शेयर मध्ये आयोजना प्रभावित क्षेत्र नुवाकोट जिल्लाका बासिन्दाहरुको निमित्त जारी पूँजीको १० प्रतिशतले हुने ४,००,००० कित्ता शेयर तथा सर्वसाधारणको लागि जारी पूँजीको २० प्रतिशतले हुने ८,००,००० कित्ता गरी कूल १२,००,००० कित्ता मध्ये यस बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनीका कर्मचारीहरुको लागि (१६,००० कित्ता) २ प्रतिशत र सामुहिक लगानी कोषहरुका लागि (४०,००० कित्ता) ५ प्रतिशत छुट्याई सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशर्न गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०७८/०४/१४ गते स्वीकृत भई मिति २०७८/०६/११ गतेदेखि मिति २०७८/०६/१४ गतेसम्म सर्वसाधारणहरुमा निष्कासन गरी मिति २०७८/०६/२२ मा बाँडफँड गरिएको थियो । साथै उक्त शेयर मिति २०७८/१०/०३ गते धितोपत्र बजारमा सूचिकरण भएको थियो ।

**प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त पूँजीको उपयोग सम्बन्धि विवरण :**

| विवरण | उपयोग गरिएको रकम | कैफियत |
|---|---|---|
| प्रभु बैंक लिमिटेडलाई ऋण रकम चुक्ता गर्न | १२,००,००,००० | निष्काशनबाट प्राप्त रकम आयोजना निर्माणकै क्रममा आवश्यक रकम नपुग हुन पुगेकोले सार्वजिक निष्काशनबाट संकलित पूँजीबाट तिर्ने कबुल गरि प्रभु बैंकबाट ऋण लिएर आयोजना निर्माणमा खर्च गरेको बाह्र करोड रूपैयाँ सार्वजनिक निष्काशन पश्चात् प्रभु बैंकलाई तिरिएको हुँदा कम्पनीको पछिल्लो सार्वजिक निष्काशनबाट संकलित पूँजीको उपयोगिता निष्काशन उद्देश्य अनुरूप भएको छ । |

**कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

- प्राधिकरणले व्यपारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरि उपलब्ध गराएको कन्ट्रयाक इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४/८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८/४० (आठ रुपैयाँचालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ ।
- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जिको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जि खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outag को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।
- कन्ट्रयाक्ट इनर्जि वा Availability Declaration को आधारमा प्रत्येक महिना कम्पनीले आयोजनाट वद्युत गरि प्राधिकरणलाइ विद्युत आपूर्ति गर्नु पर्नेछ तर मुल सम्झौताको अन्य कुनै दफा/उपदफामा जेसुकै लेखिएको भयता पनि आयोजनाबाट आपूर्ति भएको मासिक उर्जा (Delivered Energy) कम्पनी द्वारा पूर्वानुमान गरिएको उर्जा भन्दा कम भएमा सो वापत कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्नु छैन
- गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ९० (नब्बे) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण

सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई पूर्वानुमानमा विचलन भए वापतको पूर्वानुमान विचलन शुल्क ( Declaration Deviation ) तिर्नु पर्नेछ ।

- नेपाल विद्युत प्राधिकरणले Dispatch instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।
- **विचलन शुल्क (रु.) =(०.९ ×** सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको ब्खबर्षबिदर्षिेथ म्भअबिचबतष्यल अनुसारको विद्युत उर्जा-सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा-सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर : यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शुन्य मानिनेछ । क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्न पर्ने छैन । यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ
- प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ ।
- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जी परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० (आठ रुपैया चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि-व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी) | सुख्खा याम (पौष देखि चैत्र सम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मंसीर सम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौता अवधि सम्म | ९.६६ | ५.५२ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

| | |
|---|---|
| क | RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ । |
| ख | RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ । |
| ग | RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा २ वटा |

| | |
|---|---|
| | मात्र मूल्यबृद्धि दिईनेछ । |
| घ | RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ । |
| ङ | RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा मूल्यबृद्धि दिईने छैन । |
| च | नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौता अनुसार माथि उल्लेखित खरिद दरको ५० प्रतिशतको हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ । |

**आयोजनाबाट व्यापारिक उत्पादन भएको अवधि देखिको उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :**

| महिना | करार इनर्जी | उत्पादित इनर्जी | फरक अंक र प्रतिशत (उत्पादित इनर्जी-करार इनर्जी) | बिक्री दर (रु.) | बिक्री रकम (रु.) | प्राप्त रकम (रु.) | फरक पर्नुको कारण |
|---|---|---|---|---|---|---|---|
| आ.व. २०७८/७९ | | | | | | | |
| चैत्र | ८४२,१६४ | ८४२,१६४ | ० (०%) | ८.४० | ७,०७४,१७८ | ३,३८८,८१४ | Late COD वापत कम्पनीलाई हर्जाना लागेको |
| वैशाख | १,६९५,९१४ | १,३६२,६६० | -३३३,२५४ (१९.६५%) | ४.८० | ६,५४०,७६८ | ३,४०४,७२५ | ३ दिन Forced Shutdown र खोलामा पानी अपर्याप्त Late COD वापत कम्पनीलाई हर्जाना लागेका |
| जेष्ठ | २,२१४,५८३ | २,२१४,५८३ | ० (०%) | ४.८० | १०,६२९,९९८ | ९,७०६,०६६ | |
| आषाढ | ३,६११,५२० | २,९४६,७२० | -६६४,८०० (१८.४१%) | ४.८० | १४,१४४,२५६ | १३,८४५,८१२ | ५.३३ दिन Forced Shutdown |
| आ.व. २०७९/८० | | | | | | | |
| श्रावण | ३,४९८,६६० | २,५४३,५०० | - ९५५,१६० (२७.३%) | ४.८० | १६,१११,०६९ | १५,१४०,०८८ | बाढीको कारण ७ दिन आयोजना बन्द रहेको |
| भाद्र | ३,४९८,६६० | ६५६,६७० | -२,८४१,९९० (८१.२३%) | ४.८० | १६,८५१,८२२ | १६,५०७,९०६ | बाढीको कारण २५ दिन आयोजना बन्द रहेको |
| ऋाश्विन | ३,४९८,६६० | ३,४३४,७९० | -६३,८७० (१.८३%) | ४.८० | १६,४८६,९९२ | १६,०८९,४०८ | |
| कार्तिक | ३,३८५,८०० | ३,०४४,८८० | -३४०,९२० (१०.०७%) | ४.८० | १६,७२५,८५२ | १६,३८९,५३६ | ३.२३ दिन Forced Shutdown |
| मंसिर | ३,२७२,९४० | २,८३५,५५० | -४३७,३९० (१३.३६%) | ४.८० | १३,४९८,१५५ | १३,२२६,७१० | मेशीन मर्मत गर्न १ दिन प्लान्ट बन्द र खोलामा पानी अपर्याप्त |
| पौष | २,४२४,३३८ | १,८९७,२८० | -५२७,०५८ (२१.७४%) | ८.४० | १६,०४८,४३२ | १५,७२७,०४० | मेशीन मर्मत गर्न २ दिन प्लान्ट बन्द र खोलामा पानी अपर्याप्त |
| माघ | २,०२०,३५८ | १,६१७,२९० | -४०३,०६८ (१९.९५%) | ८.४० | १३,४६६,९२६ | १३,१९५,९९९ | खोलामा पानी अपर्याप्त |
| फाल्गुण | १,७३४,६५८ | १,३२७,२६० | -४०७,३९८ (२३.४९%) | ८.४० | ८,८३७,०९९ | ८,६४३,५२९ | खोलामा पानी अपर्याप्त |
| चैत्र | १,२६३,२४६ | १,२६३,२४६ | ० (०%) | ८.४० | १०,१४६,७१० | ९,९४२,१८७ | |
| वैशाख | १,६९५,९१४ | १,१४८,३६० | -५४७,५५४ (३२.२९%) | ४.९४ | ३,८८०,७१८ | ३,७४०,९८० | खोलामा पानी अपर्याप्त |
| जेष्ठ | २,२१४,५८३ | १,३८६,३१० | -८२८,२७३ (३७.४०%) | ४.९४ | ५,९२८,७३० | ५,७२०,१५२ | मर्मत गर्न १ दिन प्लान्ट बन्द र खोलामा पानी अपर्याप्त |
| आषाढ | ३,६११,५२० | ३,२१५,२३० | -३९६,२९० (१०.९७%) | ४.९४ | ११,१११,९७९ | १०,६३५,२३४ | बाढीका कारण बेलाबेलामा प्लान्ट बन्द |
| आ.व. २०८०/८१ | | | | | | | |
| श्रावण | ३,४९८,६६० | ३,२६१,३५० | -२३७,३१० (६.७८%) | ४.९४ | १६,१११,०६९ | १५,१४०,०८८ | बाढीका कारण बेलाबेलामा प्लान्ट बन्द |
| भाद्र | ३,४९८,६६० | ३,४११,३०० | -८७,३६० (२.५%) | ४.९४ | १६,८५१,८२२ | १६,५०७,९०६ | |
| ऋाश्विन | ३,४९८,६६० | ३,२९०,८९० | -२०७,७७० (५.९४%) | ४.९४ | १६,२५६,९९७ | १५,९२५,२९५ | |
| कार्तिक | ३,३८५,८०० | ३,३८५,८०० | ० (०.००%) | ४.९४ | १६,७२५,८५२ | १६,३८९,५३६ | |
| मंसिर | ३,२७२,९४० | २,७३२,४२० | -५४०,५२० (१६.५१%) | ४.९४ | १३,४९८,१५५ | १३,२२६,७१० | खोलामा पानी अपर्याप्त |
| पौष | २,४२४,३३८ | १,८५५,३१० | -५६९,०२८ (२३.४७%) | ८.६५ | १६,०४८,४३२ | १५,७२७,०४० | खोलामा पानी कम उपलब्ध भएको |
| माघ | २,०२०,३५८ | १,५५६,८७० | -४६३,४८८ (२२.९४%) | ८.६५ | १३,४६६,९२६ | १३,१९५,९९९ | खोलामा पानी कम उपलब्ध भएको |
| फाल्गुण | १,७३४,६५८ | १,०२१,६३० | -७१३,०२८ (४१.१०%) | ८.६५ | ८,८३७,०९९ | ८,६४३,५२९ | मेशीन मर्मत गर्न ४ दिन प्लान्ट बन्द र खोलामा पानी अपर्याप्त |
| चैत्र | १,२६३,२४६ | १,१७३,०३० | - ९०,२१६ (७.१४%) | ८.६५ | १०,१४६,७१० | ९,९४२,१८७ | खोलामा पानी अपर्याप्त |
| वैशाख | १,६९५,९१४ | ७६२,४२० | - ९३३,४९४ (५५.०४%) | ५.०९ | ३,८८०,७१८ | ३,७४०,९८० | खोलामा पानी ज्यादै नै कम उपलब्ध भएको |
| जेष्ठ | २,२१४,५८३ | १,१६४,७८० | -१,०४९,८०३ (४७.४०%) | ५.०९ | ५,९२८,७३० | ५,७२०,१५२ | खोलामा पानी ज्यादै नै कम उपलब्ध भएको |
| आषाढ | ३,६११,५२० | २,१८३,१०० | -१,४२८,४२० (३९.५५%) | ५.०९ | ११,१११,९७९ | १०,६३५,२३४ | मेशिनमा समस्या उत्पन्न भएकोले मर्मत गर्नु परेको |
| आ.व. २०८१/८२ | | | | | | | |
| श्रावण | ३,४९८,६६० | २,९९३,२६० | -५०५,४०० (१४.४५%) | ५.०९ | १५,२३५,६९३ | १४,९२३,७४३ | मेशिनमा उत्पन्न समस्याले गर्दा केही दिन पूर्ण क्षमतामा नचलाएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भाद्र | ३,४९८,६६० | २,३०४,७७० | -१,१९३,८९० (३४.१२%) | ५.०९ | ११,७३१,२७९ | ११,२२३,०३६ | ३.१३ दिन Forced Shutdown र पानी धमिलो हुँदा प्लान्ट बन्द |
| अाश्विन | ३,४९८,६६० | ३,१३७,६३० | -३६१,०३० (१०.३२%) | ५.०९ | १५,९७०,५३७ | १५,६४४,७५४ | |
| कार्तिक | ३,३८५,८०० | ३,३८३,९७० | -१,८३० (०.०५%) | ५.०९ | १७,२२४,४०७ | १६,८७७,८६७ | |
| मंसिर | ३,२७२,९४० | २,९३२,१८० | -३४०,७६० (१०.४१%) | ५.०९ | १४,९२४,७९६ | १४,६२५,६५२ | |
| पौष | २,४२४,३३८ | १,८०५,७२० | -६१८,६१८ (२५.५२%) | ८.९० | १६,०७०,९०८ | १३,०४२,००२ | खोलामा पानी अपर्याप्त |
| माघ | २,०२०,३५८ | १,५२५,३०० | -४९५,०५८ (२४.५०%) | ८.९० | १३,५७५,१७० | १५,१४०,०८७ | खोलामा पानी अपर्याप्त |
| फाल्गुण | १,७३४,६५८ | १,०५२,३१० | -६८२,३४८ (३९.३४%) | ८.९० | ९,३६५,५५९ | ९,११०,४२२ | १३ दिन दैनिक ८/९ घण्टा Scheduled Shutdown र पानी अपर्याप्त |
| चैत्र | १,२६३,२४६ | ९५३,६६० | -३०९,५८६ (२४.५१%) | ८.९० | ८,४८७,५७४ | ८,२२५,२०३ | खोलामा पानी अपर्याप्त |
| वैशाख | १,६९५,९१४ | १,०७३,७१० | -६२२,२०४ (३६.६९%) | ५.२३ | ५,६१५,५०३ | ५,४९०,५५७ | मेशीन Servicing गर्न ३ दिन प्लान्ट बन्द र पानी अपर्याप्त |
| जेष्ठ | २,२१४,५८३ | १,१५५,२०० | -१,०५९,३८३ (४७.८४%) | ५.२३ | ६,०४१,६९६ | ५,७०४,१६९ | मेशीन Modification गर्न ६ दिन प्लान्ट बन्द र पानी अपर्याप्त |
| आषाढ | ३,६११,५२० | १,८२३,८०० | -१,७८७,७२० (४९.५०%) | ५.२३ | ९,५३८,४७४ | ०,०००,००० | Intake Gate मर्मत गर्न ४ दिन, बाढीको कारण ४ दिन गरी जम्मा ८ दिन प्लान्ट बन्द |
| आ.व. २०८२/८३ | | | | | | | |
| श्रावण | ३,४९८,६६० | ३,२०२,१५० | -२९६,५१० (८.४७%) | ५.२३ | १६,७४७,२४५ | १६,४०५,०६४ | |
| भाद्र | ३,४९८,६६० | ३,३१३,७४० | -१८४,९२० (५.२९%) | ५.२३ | १७,३३०,८६० | १६,९७८,९५१ | |
| अाश्विन | ३,४९८,६६० | ३,२०१,११० | -२९७,५५० (८.५०%) | ५.२३ | १६,७४१,८०५ | १६,४००,१६५ | |
| कार्तिक | ३,३८५,८०० | ३,४५६,२४० | -७०,४४० (२.०८%) | ५.२३ | १७,८७१,७९९ | | रकम प्राप्त हुन बाँकी (करार इनर्जी भन्दा बढी उत्पादन भएको) |
| मंसिर | ३,२७२,९४० | ३,१२०,०५० | -१५२,८९० (४.६७%) | ५.२३ | १६,३१७,८६२ | | रकम प्राप्त हुन बाँकी |

| आयोजना | रोयल्टि बृद्धि आ.व. २०८१/०८२ |
|---|---|
| तल्लो ताँदी खोला जलविद्युत आयोजना | नभएको |

| आयोजना | शत प्रतिशत आयकर छुट अवधि | ५० प्रतिशत आयकर छुट अवधि | सामान्य कर लागु |
|---|---|---|---|
| तल्लो ताँदी खोला जलविद्युत आयोजना | १५ वर्ष | ६ वर्ष | - |

**प्राकृतिक प्रकोपबाट पुग्न गएको क्षति :**

मिति २०७९ साल श्रावण २४ गते साँझ देखि परेको अबिरल वर्षाले नुवाकोट जिल्लाको तादी खोलामा ठुलो बाढी आउँदा काबु बाहिरको परिस्थिति उत्पन्न हुन पुगि नुवाकोट जिल्लाको दुप्चेस्वर गाउँ पालिकामा अवस्थित कम्पनीको तल्लो तादी खोला जलविद्युत आयोजना ४।९९३ मेघावाटको भौतिक संरचनाहरुमा क्षति पुग्न गएकोले मिति २०७९ श्रावण २४ गते राती ११ बजे दखि बन्द भएको उक्त आयोजना मर्मत संभार पश्चात भाद्र २४, २०७९ देखि संचालनमा ल्याउन सकिएको थियो । आयोजना एक महिना सम्म बन्द हुँदा कम्पनीले करीव एक करोड साठी लाख बराबरको आम्दानी गुमाउनु परेको थियो ।

मिति २०८२ आषाढ २४ गते बिहान रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको ठुलो बाढीले त्रिशूली ३ बी हब सवस्टेशन र प्रसारणलाइनमा क्षति पुग्न गएको थियो जसको कारण समुद्रटार-त्रिशूली ३बी हब १ सय ३२ केभी प्रसारण लाइन बन्द हुन पुग्दा सोही प्रसारण लाइन मार्फत विद्युत आपुर्ति गर्दै आएको हाम्रो कम्पनीको तल्लो तादी खोला जल विद्युत आयोजना (४।९९३ मेघावाट) उक्त दिन बिहान ६:५० बजे दखि पूर्ण रूपमा बन्द गर्नु परेको थियो । त्रिशूली ३बी हब सवस्टेशन र प्रसारण लाइन आंशिक रूपमा मर्मत गरे पछि पाँच दिन पश्चात अर्थात मिति २०८२ आषाढ २९ गते बिहान देखि आयोजनाबाट विद्युत उत्पादन गरि प्रसारण गरिएको थियो। उक्त बन्द अवधिमा दैनिक ११२,८६० (kWh) उत्पादन घाटा हुन पुगी दैनिक करिव छ लाख रूपैयांको दरले तीस लाख रूपैयां आम्दानी गुमाउनु परेको थियो ।

८) बुद्धभुमी नेपाल हाइड्रोपावर लिमिटेडले आयोजना निर्माण गर्दा श्री सिद्धार्थ बैंक लिमिटेडको अगुवाईमा सिध्दार्थ बैंक लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेड, बैंक अफ काठमाण्डू लिमिटेड र कुमारी बैंक लिमिटेडबैंक बिच Consortium निर्माण गरी कुल लागतको ६७.४१ प्रतिशतले हुन आउने रु.१,००,६३,००,०००/- ऋण लिने सम्झौता गरिएको थियो । साथै २०८२/०२/०९(तदअनुसार ई.स. ०२/०६/२०२५) मा सिद्धार्थ बैंकसगको सम्झौता अनुसार हकप्रद शेयरबाट प्राप्त रकमबाट भुक्तानी गर्ने भनी थप रु. ५ करोड ऋण लिने सम्झौता गरिएको उक्त ऋण रकम कम्पनीले प्राप्त गरिसकेको छ । मिति २०८२ कात्तिक मसान्त सम्मको जम्मा ऋण रकम तथा भुक्तानीको अवस्था देहाय बमोजिम रहेको ।

| क्र.स | बैंकको नाम | जम्मा ऋण (रु.) | ऋण चुक्ता (रु.) | चुक्ता हुन बाँकी ऋण (रु.) |
|---|---|---|---|---|
| १ | सिद्धार्थ बैंक लिमिटेड | ६२,४७,२७,००० | ४,५९,७४,८४८ | ५७,८७,५२,१५२ |
| २ | सिद्धार्थ बैंक लिमिटेड (अल्पकालिन ऋण) | २,००,००,००० | ९९,५०,००० | १,००,५०,००० |
| ३ | माछापुच्छ्रे बैंक लिमिटेड | १८,१५,७३,००० | २,११,१९,०१४ | १६,०४,५३,९८५ |
| ४ | ग्लोवल आई एम ई बैंक लि. | १५,००,००,००० | १,८७,००,५८० | १३,२४,४१,८०९ |
| ५ | कुमारी बैंक लि. | १०,००,००,००० | १,२६,०६,३३६ | ८,७३,९३,६६३ |
| | **जम्मा** | **१,०७,६३,००,०००** | **१०,८३,२३,७७८** | **९६,७९,४९,२२०** |

९) यस कम्पनीको प्राथमिक शेयर निष्काशन मिति २०७८/०६/११ गते देखि २०७८/०६/१४ गते सम्म भएको र बाँडफाँट मिति २०७८/०६/२२ गते भएको हो । कम्पनीको संस्थापक शेयरको मिति २०८१ आश्विन २१ गते देखि लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ। यस कम्पनीको प्राथमिक तथा संस्थापक शेयरको सूचिकरण मिति २०७८/१०/०२ गते रहेको छ । कम्पनीले IPO निष्काशन गरि प्राप्त गरेको रकम निम्न तालिका अनुसार रहेको छ :

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | संस्थापकहरुबाट | २८,००,००,०००/- |
| २ | आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु | ४,००,००,०००/- |
| | कम्पनीका कर्मचारीहरु, सामूहिक लगानी कोष, सर्वसाधारण शेयरधनीहरु | ८,००,००,०००/- |
| | **जम्मा** | ४०,००,००,०००/- |

**कम्पनीका उद्देश्यहरु :**

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छन् :**

(क) विभिन्न भागमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गर्ने, बिक्री गर्ने, जलविद्युत उत्पादन गर्ने सम्बन्धमा इन्जिनियरिङ्ग परामर्श सेवा उपलब्ध गराउने, जलविद्युत उत्पादन सम्बन्धमा अध्ययन अनुसन्धान कार्य गर्ने ।

(ख) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि निजी क्षेत्रमा विद्युत उत्पादन गरी बिक्री गर्ने तथा सो सम्बन्धि इन्जिनियरिङ सेवा उपलब्ध गराउने ।

(ग) नेपाल विद्युत प्राधिकरणका विभिन्न आयोजनाहरु, विद्युत उर्जा उत्पादक कम्पनीहरुबाट उत्पादित विजुली लिजमा लिई बिक्री गर्ने कार्य गर्ने ।

(घ) उत्पादित विद्युत शक्तिलाई थोक तथा खुद्रा बिक्री गर्ने ।

(ङ) उपदफा (क) र (ख) मा उल्लेखित श्रोतहरुबाट विद्युत उत्पादन गर्न सिभिल, इलेक्ट्रो, मेकानिकल एवं प्रसारण तथा वितरण लाईनहरुको निर्मण तथा मर्मत गर्ने ।

(च) सिभिल इलेक्ट्रो मेकानिकल एवं प्रसारण तथा वितरण लाईन निर्माण सम्बन्धि माल सामान तथा औजार उपकरणहरुको आपूर्ति गरी प्रयोगमा ल्याउने कार्य गर्ने ।

(छ) विद्युत आयोजनाहरुको विभिन्न स्ट्रक्चर तथा प्रसारण एवं वितरण लाईन र सवस्टेशनहरुको संचालन एवं मर्मत संभार सम्बन्धि कार्य गर्ने ।

(ज) जलविद्युत शक्ति उत्पादन, ट्रान्समिसन लाईन निर्माण तथा वितरण लाईन निर्माण गर्ने, संचालन गर्ने कार्य गर्ने ।

(झ) जलविद्युत क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने गराउने ।

(ञ) जलविद्युत क्षेत्रमा स्वदेशी तथा विदेशी प्रशिक्षक तथा विशेषज्ञहरुको संलग्नतामा गोष्ठी, सेमिनार सभा सम्मेलन आयोजना गर्ने गराउने ।

**ङ) शेयर पूँजीको संरचना :**

**१) अधिकृत पूँजी (Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्व पचास करोड) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १,५०,००,००० (एक करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ।

**२) जारी पूँजी (Issued Capital):**

कम्पनीको जारी पूँजी रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरले ८०,००,००० (असी लाख) थान शेयरमा विभाजन गरिएको छ।

**३) चुक्ता पूँजी (Paid up Capital):**

यस कम्पनीको हालको चुक्ता पूँजी रु.४०,००,००,०००/- (अक्षरेपी चालिस करोड) रहेको छ। यस विवरण पत्र मार्फत प्रस्तावित हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.८०,००,००,०००/-(अक्षेरुपी असी करोड मात्र) हुनेछ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धि विवरण :**

| पूँजी सम्बन्धि विवरण | आ.व.२०७४/७५ | आ.व.२०७५/७६ | आ.व.२०८१/०८२ |
|---|---|---|---|
| अधिकृत पूँजी | ७५,००,००,००० | ७५,००,००,००० | १,५०,००,००,००० |
| जारी पूँजी | ८,६०,६०,३०० | ४०,००,००,००० | ८०,००,००,००० |
| चुक्ता पूँजी | ८,६०,६०,३०० | ४०,००,००,००० | ८०,००,००,००० |

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिती :**

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.४०,००,००,०००/- रहेको छ। हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.८०,००,००,०००/- कायम हुनेछ । कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईनमा हुनुपर्ने व्यवस्था अनुरुप यस कम्पनीको संस्थापक शेयर मिति २०८१ आश्विन २१ गते सम्म लकईनमा रहेकोमा र उक्त लकईन अवधि समाप्त भई हाल साधारण शेयर सरह धितोपत्रको दोश्रो बजारमा खुल्ला रुपमा कारोवार भईरहेको छ।

| विवरण | हकप्रद निष्काशन गर्नुपूर्व | हकप्रद निष्काशन पश्चात् |
|---|---|---|
| अधिकृत पूँजी | १,५०,००,००,००० | १,५०,००,००,००० |
| जारी पूँजी | ८०,००,००,००० | ८०,००,००,००० |
| चुक्ता पूँजी | ४०,००,००,००० | ८०,००,००,००० |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

मिति २०८१ आश्विन २१ गते देखि संस्थापक शेयरको कारोबार रोक्का (लकईन पिरियड) समाप्त भई संसोधित नियमावलीको नियम ७ बमोजिम कम्पनीको शेयर दोस्रो बजारमा कारोवार भई संस्थापक तथा सर्वसाधारण शेयरको एउटै समूहमा कारोवार भइरहेकोले शेयरको एकै समूह मात्र रहेको छ।

२०८२ मंसिर ९ गते (बुक क्लोज) सम्मको आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व रहेको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

| क्र.सं | नम | ठेगाना | शेयर संख्या | शेयर प्रतिशत |
|---|---|---|---|---|
| १ | पूर्ण लाल श्रेष्ठ | खानीगाउँ ४, नुवाकोट | ३,१४,५२५ | ७.८६% |
| २ | प्रमोद खड्का | बुढानिलकण्ठ न पा ६ | ३०५,००० | ७.६३% |

| | | | | |
|---|---|---|---|---|
| ३ | अनिल कुमार थापा | काठमाडौं म न पा ३ | १९६,८३४ | ४.९२% |
| ४ | बलराम खतिवडा | थप्रेक ५, नुवाकोट | १७७,९५५ | ४.४५% |
| ५ | शेखर कुमार सुवेदी | महालक्ष्मी २, ललितपुर | १४३,३९२ | ३.५८% |
| ६ | दिपक लाल अमात्य | खानीगाउँ ४, नुवाकोट | १३३,३८० | ३.३३% |
| ७ | इल्या दीक्षित भट्टराइ | काठमाडौं म न पा ३ | १०७,५३४ | २.६९% |
| ८ | अनुराधा राई | काठमाडौं | १००,००० | २.५०% |
| ९ | मसिना अमात्य | खानीगाउँ ४, नुवाकोट | ८०,९२० | २.०२५% |
| १० | हरी मान प्रधान | कालीकास्थान, काठमाडौं | ५३,३८६ | १.३३ % |
| ११ | अमिर प्रताप जेबी राणा | मैतीदेवी, काठमाडौं | ४०,८७४ | १.०२५ % |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.४०,००,००,०००/- (अक्षरेपी चालिस करोड मात्र) को १ शेयर बराबर नयाँ १ शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००।- का दरले जम्मा ४०,००,००० कित्ता शेयर साविकका शेयरधनीहरुका लागि हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोप्रद निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

कम्पनीको विशेष साधारण सभा सम्पन्न भएको मिति २०८१/०२/३० गते रहेको छ । श्री विद्युत नियमन आयोगबाट मिति २०८१/०७/१२ गतेको पत्र बमोजिम ४.९९३ मे.वा. क्षमताको तल्लो ताँदी जलविद्युत आयोजनाको प्रवर्द्धक श्री बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडले हकप्रद शेयर निष्काशनका लागि मिति २०८१/०३/०६ मा पेश गरेको निवेदन बमोजिम कम्पनीको हालको चुक्ता पूँजी रु.४०,००,००,०००/- ( अक्षरेपी चालिस करोड) को १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम तल उल्लेखित शर्तहरु पालना गर्ने गरी स्वीकृत गरेको छ ।

**शर्तहरु :**

१) प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

२) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

३) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासान सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

४) त्यहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धि आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।

५) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्नर निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी जारी गर्दा सो को परिपालना कम्पनीले गर्नुपर्नेछ ।

श्री विद्युत नियमन आयोगबाट हकप्रद शेयर निष्काशनको स्वीकृत सम्बन्धमा पालना गर्नुपर्ने शर्तहरु पूर्ण रुपमा पालना गरिएको व्यहोरा जानकारी गराउदछौं ।

**ञ) संचालकहरुको परिचय :**

**संचालक शेयरधनीहरुको नाम, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

| क्र.सं. | नाम, ठेगाना | पद | नियक्ति मिति | बहाल अवधि | शेयर स्वामित्व | प्रतिशत | शैक्षिक योग्यता | सम्बन्धित क्षेत्रको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | पूर्ण लाल श्रेष्ठ, खानीगाउँ ४ नुवाकोट | अध्यक्ष | २०/९/२०८० | १९/९/२०८४ | ३१४,५२५ कित्ता | ७.८६ % | स्नातक | मिति २०६९/०९/२० देखि हालसम्म यस कम्पनीको अध्यक्षको रुपमा कार्यरत। | १८ वर्षको व्यापारिक अनुभव तथा रियल स्टेट(Brightway Investment Pvt Ltd.)मा आवद्ध। |
| २. | प्रमोद खड्का, भद्रकाली ३, नुवाकोट | संचालक | २०/९/२०८० | १९/९/२०८४ | ३०५,००० कित्ता | ७.६३% | स्नातक | मिति २०६९/०९/२० देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत। | १८ वर्ष भन्दा बढिको व्यापारिक अनुभव हाशिल गर्नु भएको । |
| ३. | दिपक लाल अमात्य, खानीगाउँ ४ नुवाकोट | संचालक | २०/९/२०८० | १९/९/२०८४ | १३३,३८० कित्ता | ३.३३ % | स्नातक | मिति २०६९/०९/२० देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत। | १८ वर्ष भन्दा बढिको व्यापारिक अनुभव हाशिल गर्नु भएको । |
| ४. | इल्या दीक्षित भट्टराई, काठमाडौं म न पा ३ | संचालक | २०/९/२०८० | १९/९/२०८४ | १०७,५३४ कित्ता | २.६९% | स्नातक | मिति २०७७/१२/०६ देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत। | कथाकार निबन्धकार तथा साहित्य क्षेत्रमा आवद्ध रहनु भएको । |
| ५. | प्रकाश सापकोटा, महाकाली ८, नुवाकोट | संचालक | ५/११/२०७९ | ५/११/२०८३ | १०० कित्ता | 0.00% | स्नातक | मिति २०७९/११/१५ देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत। | युवा उद्यमी, १० वर्ष शेयर बजारको संलग्न रहनु भएको । |
| ६. | रमेश मान प्रधान, तारकेश्वर ३, नुवाकोट | संचालक | ५/११/२०७९ | ५/११/२०८३ | ८०० कित्ता | 0.02% | १०+२ | मिति २०७९/११/१५ देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत। | वित्तीय क्षेत्रमा १० वर्ष भन्दा बढीको कार्यनुभव हासिल गर्नुभएको । |
| ७ | निर कुमार क्षेत्री | स्वतन्त्र संचालक | १७/०८/२०८२ | १६/०८/२०८४ | छैन | छैन | स्नातकोत्तर | हाइड्रोपावर सम्बन्धित ५ वर्षका अनुभव | ६ वषको व्यापारिक अनुभव बक्सिला इन्टरनेशनल बिजनेस प्रा लि मा आवद्ध । |

नोटः सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७४ र कम्पनी ऐन, २०६३ मा रहेको संचालकहरु सम्बन्धि व्यवस्थाहरुको पालना भएको उदघोषण गर्दछौं ।

**कम्पनीको कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव देहाय बमोजिम रहेको छ :**

**कम्पनीको प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारीहरुको विवरण :**

| नाम, ठेगाना | पद | शैक्षिक योग्यता | सम्बन्धित क्षेत्रको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|
| शेखर कुमार सुवेदी महालक्ष्मी २, ललितपुर | प्रमुख कार्यकारी अधिकृत | सिभिल इन्जिनियरीङ्गमा स्नातक, कम्पुटर विज्ञानमा स्नातकोत्तर | २०६९/०९/२० देखि २०७९/१०/२० सम्म यस कम्पनीको संचालक। २०७९/१०/२५ देखि हालसम्म यस कम्पनीको प्र. का. अ. । | २०४९ आश्विन देखि २०५५ कार्तिक सम्म ६ वर्ष सिभिल इन्जिनियरीङ्गको अनुभव, २०५६ फागुन देखि २०७८ आषाढ सम्म २० वर्ष आई. टि. को क्षेत्रको अनुभव । |
| कमरान आलम बसतपुर ३, बारा | प्लान्ट म्यानेजर | इलेक्ट्रिल इन्जिनियरीङ्गमा स्नातक | २०७८/१०/२५ देखि हालसम्म यस कम्पनीमा कार्यरत । | छैन। |
| सुजन पाण्डे | कम्पनी सचिव | कानूनमा स्नातक | २०८१/०४/०१ देखि हालसम्म यस कम्पनीमा कार्यरत । | छैन। |
| राजेश सिलवाल, शिवपुरी ८, नुवाकोट | लेखा सहायक | १०+२ | २०८०/०२/२५ देखि हालसम्म यस कम्पनीमा कार्यरत । | छैन। |

**ट) संचालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्यहरु रहेको सञ्चालक समिति रहने व्यवस्था छ । कम्पनीमा महिला, तथा स्वतन्त्र संचालकको व्यवस्था गरिएको छ । संचालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १,००० (एक हजार) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुंदैन । तर स्वतन्त्र/व्यवसायिक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरूको तर्फबाट | ५ (पाँच) जना |
| सर्वसाधारण शेयरधनीहरूको तर्फबाट | १ (एक) जना |
| स्वतन्त्र सञ्चालक | १ (एक) जना |
| **जम्मा** | **७ (सात) जना** |

मिति २०८१/०६/२१ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर सर्वसाधारण शेयर सरह नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भैरहेको छ ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

**(१०) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने विद्युत नविकरणीय हुन्छ , जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम व्यवसाय हो । तथापि भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ । यसको कच्चा पदार्थ कतैबाट Load गरी ल्याउन पर्ने हुदैन । अनि कच्चा पदार्थका लागि सरकारलाई रोयल्टी बाहेक अरु कसैलाई केही तिर्नुपर्ने पनि हुदैन ।

**(११) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** :
कम्पनीका सम्पुर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तैयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको । जलवायु परिर्वतन बाट खोलामा पानीको वहावमा घटबढ हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवढ हुन सक्दछ । पानी कम भई विद्युत उत्पादनमा कम भएमा नेपाल विद्युत प्राधिकरणलाई हर्जना तिर्नु पर्ने भएकोले आयोजनाको क्षमता निर्धारण पूर्व Hydrology को बारेमा गहिरो अध्ययन गरिएको यसको जोखिम न्यून रहेको छ ।

**(१२) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु :** देशको राजनैतिक अस्थिरताका कारण सरकारले लिएका गलत निर्णयले अर्थतन्त्रमा नकारात्मक परिवर्तन आएमा, देशमा तरलता अभाव भएमा, नीतिगत निर्णयमा नियमक निकायको भरपर्दो भुमिका नरहेमा, आर्थिक तथा नीतिगत जोखिम रहेको ।

**(१३) पूँजी बजारको अवस्थामा आउने उतार चढाववाट पर्न सक्ने जोखिमहरु :** बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयरको बजार मुल्य लागत मुल्य तथा किताव मुल्य भन्दा अधिक रहेको छ सो कारण हाल जोखिम नरहेको ।

**(१४) अन्य :** दैवि प्रकोप तथा काबु बाहिरको परिस्थति उत्पन्न भई कम्पनीले निर्माण गरेको आयोजनामा क्षति पुग्न सक्ने जोखिम रहेको छ ।

सथै मिति २०७९ साल श्रावण २४ गते साँझ देखि परेको अबिरल वर्षाले नुवाकोट जिल्लाको तादी खोलामा ठुलो बाढी आउँदा काबु बाहिरको परिस्थिति उत्पन्न हुन पुगि नुवाकोट जिल्लाको दुप्चेस्वर गाउँ पालिकामा अवस्थित कम्पनीको तल्लो तादी खोला जलविद्युत आयोजना ४.९९३ मेघावाटको भौतिक संरचनाहरुमा क्षति पुग्न गएकोले मिति २०७९ श्रावण २४ गते राती ११ बजे दखि बन्द भएको उक्त आयोजना मर्मत संभार पश्चात भाद्र २४, २०७९ देखि संचालनमा ल्याउन सकिएको थियो । आयोजना एक महिना सम्म बन्द हुँदा कम्पनीले करीव एक करोड साठी लाख बराबरको आम्दानी गुमाउनु परेको थियो । साथै रु.८७,४२,५०० ( सतासी लाख बयालीस हजार पाँच सय मात्र) श्री नेपाल इन्स्योरेन्स कं. लि बाट बिमा दाबी मार्फत रकम प्राप्त गरेको थियो ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**
उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । आजको विश्व बजार नविकरणीय उर्जा उत्पादन लाई प्रोत्साहन गर्दै जलवायु पविर्तनको जोखिमलाई न्युनिकरण गर्ने भन्ने धाराणका साथ अगाडि बढेको छ । यसै सन्दर्भमा हाल हाम्रा ठुला छिमेकी राष्ट्र भारत र चीन दुवै यसै अवधारणलाई पछ्याउँदै नविकरणीय उर्जा मार्फत आफ्नो देशको उर्जा संकट समाधान गर्न तल्लिन देखिएका छन् । हालै भारतद्धारा १०,००० मेगावाट विद्युत आयात गर्ने धोषणा गरे संगै निकट भविष्यमा जलविद्युत आयोजनाको माग ज्यादै बढेर जाने संकेत गरेको छ । साथै हाल नेपालमा विद्युतको माग धेरै र आपूर्ति न्यून रहेको कारण जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने देखिन्छ । विश्वव्यापीकरणका कारण देशमा हुन लागेको जीवनस्तरमा वृद्धि र विद्युत मार्फत प्रयोग हुने सामाग्रिको उपयोग, वजारिकरणका कारण खुल्ने उद्योग, व्यवसायका कारण जलविद्युतको आवश्यकता बढेरनै

जाने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ। साथै कावुवाहिरको परिस्थितिका कारण पर्न सक्ने जोखिमको लागि जोखिम न्यूनीकरण गर्न बीमा समेत गरिएको छ।

**कम्पनीको संचालनमा रहेका जलविद्युत आयोजनाको बीमा विवरण**

| क्र.सं. | आयोजना तथा बीमा विवरण | बीमा मिति | बीमा अवधि | बीमा कम्पनी | बीमाङ्क रकम |
|---|---|---|---|---|---|
| १. | सम्पत्ति बीमालेख | २०८२/०२/२३ | २०८३/०२/२२ | एनएलजी इन्स्योरेन्स कं.लि | २३,८२,६३९ |
| २. | मेकानिकल ब्रेकडाउन | २०८२/०२/२२ | २०८३/०२/२१ | | १५,६८,३३७ |
| ३. | सार्वजनिक दायित्व | २०८२/०२/२३ | २०८३/०२/२२ | | २,८२,५२० |
| ४. | सम्पत्ति बीमा | २०८२/०२/२३ | २०८३/०२/२२ | | २३,८२,६३९ |
| ५ | सम्पत्ति बीमा | २०८२/०२/२३ | २०८३/०२/२२ | | ६,४८,६७३ |

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धि जोखिम** :

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद शेयर खरिदका लागि आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने छ।

निष्काशन गरिएको हकप्रद शेयर पूर्ण रुपमा बिक्री नभएमा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा रहेको व्यवस्था अनुरुप बाँकी रहेको शेयरहरु निष्काशन तथा बिक्री प्रवन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गरिने छ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ मा रहेको व्यवस्था बमोजिम लिलाम बढाबढ गर्नु पर्ने** :

(१) हकप्रद शेयर बिक्रीको लागि खुला गरिएको अवधिभित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित संगठित संस्थाले बाँडफाँड भएको सात दिन भित्र लिलाम बढाबढका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बढाबढको सूचना दिँदा बोलकबोलका लागि बढीमा पन्ध्र दिनको सूचना प्रकाशित गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बोलकबोलको अवधि समाप्त भएको सात कार्य दिनभित्र लिलाम बढाबढ गरी बाँडफाँड गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम बाँडफाँड भएको सात कार्य दिन भित्र सम्बन्धित लगानीकर्तालाई बाँडफाँटपत्र सहित रकम फिर्ता भूक्तानी गरिसक्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम लिलाम बढाबढमा सबै शेयर बिक्री नभएमा बोर्डलाई जानकारी गराई उपनियम (४) बमोजिम फिर्ता भूक्तानी सम्पन्न भएको सात दिन भित्र पुन: लिलाम बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ।

**धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा १५ मा रहेको व्यवस्था बमोजिम हकप्रद शेयर लिलाम बढाबढ गर्ने प्रक्रिया:**

(१) हकप्रद शेयर खुला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रवन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिलाम प्रक्रिया गर्दा देहायका अवस्थाहरू पूरा गर्नु पर्ने छ :-

(क) सबै समूहको (संस्थापक, सर्वसाधारण र अन्य) लिलाम प्रक्रिया एकै पटक गर्नु पर्ने,

(ख) अङ्कित मूल्यमा बढावढ गर्नु पर्ने,

(ग) हकप्रद शेयर लिलाम बढाबढबाट बिक्री गर्ने सम्बन्धि सूचना बिक्री खुला हुनु भन्दा कम्तीमा सात दिन अगाडि कुनै दुईवटा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नु पर्ने,

(घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको संक्षिप्त विवरण (बिक्री गर्न लागिएको शेयर संख्या, न्यूनतम मूल्य, कम्पनीको नाम र विस्तृत विवरण प्रकाशन गरिएको पत्रिकाको नाम तथा प्रकाशित मिति) समावेश भएको सूचना देहाय बमोजिम प्रकाशन गर्नु पर्ने :-

१. बिक्री खुला हुनुभन्दा तीन दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख अनलाईन पत्रिकामा,

२. बिक्री खुला हुनुभन्दा दुई दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख एफएम रेडियोमा,

३. बिक्री खुला हुनुभन्दा एक दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख राष्ट्रिय आर्थिक पत्रिकामा,

(ङ) खण्ड (घ) बमोजिम प्रकाशित सूचना निष्काशन तथा बिक्री प्रबन्धक र सम्बन्धित कम्पनीको वेवसाइटमा राख्नु पर्ने,

(च) लिलाम बढाबढको दरखास्त लिने अवधि कम्तीमा सात कार्य दिन राख्नु पर्ने,

(छ) लिलाम बढाबढ गर्दा लिलाम सम्बन्धि सामान्य सिद्धान्त अनुशरण गर्नु पर्ने,

(ज) लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गर्नु पर्ने र बाँकी शेयर पुन: लिलाम बढाबढ गर्नु पर्ने,

(झ) लिलाम बढाबढमा शेयर खरिदका लागि दरखास्त दिने आवेदकले फिर्ता भुक्तानी पाउने रकम फिर्ता गर्ने कार्य तीन दिन भित्र शुरु गर्नु पर्ने,

(ञ) लिलाम बढाबढ गरिएका शेयरका सम्बन्धमा विस्तृत विवरण सहित उक्त लिलामबाट प्राप्त हुने रकम मध्ये बोर्डमा धितोपत्र दर्ता गर्दा उल्लेखित रकम भन्दा बढी भएको रकमको नियमावलीको व्यवस्था बमोजिम थप दर्ता शुल्क सात कार्य दिन भित्र बुझाउनु पर्ने ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कम्पनीको रजिष्ट्रर्ड कार्यालय पानीपोखरी, महाराजगञ्ज, काठमाण्डौं वेभसाइट :www.buddhabhuminepalhydro.com.np तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखि कम्पनीको प्रवन्धपत्र नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण :** प्रत्याभुति नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धि व्यवस्था :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कम्पनीको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले खरिद गर्ने हकप्रद शेयर बापतको रकम खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ट नगद रकम वा सो बराबरको रकम बैंक खातामा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फाराममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्ने छैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने छ ।

ट) रु.५,००,०००/-भन्दा बढीको आवेदन दिनेले PAN नम्बर खुलाउनुपर्ने छ ।

ठ) मेरो शेयर मार्फत हकप्रद शेयरको आवेदन दिन चाहने शेयरधनीहरुले शेयर खरिद बापतको रकम सम्बन्धित बैंक खातामा रहे नरहेको एकिन गर्नुपर्ने, सम्बन्धित बैंक खाता सुचारु ऋवस्थामा भए नभएको एकिन गर्नुपर्ने छ। अन्यथा हकप्रद शेयर खरिद आवेद रद्ध हुन सक्नेछ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु :**

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २० को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यवस्था भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियमक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको।

(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ।

(ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन।

(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था टिपी अधिकारी एसोसियटस रहेको छ। चार्टड एकाउण्टेण्टस् संस्था टिपी अधिकारी एसोसियटसबाट गरिएको आर्थिक बर्ष २०८१/०८२ को लेखापरिक्षकको प्रतिवेदने यस विवरणमा उल्लेख गरिएको छ।

ख) कम्पनीको कम्पनी सचिवमा श्री सुजन पान्डे रहनुभएको छ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा तयार पारी उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा व्यवसायीक संस्था जी. पौडेल एसोसियट्सले प्रमाणित गर्नुभएको हो।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौले तयार गरेको हो।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौमा रहेको छ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) यस कम्पनीले आफ्नो जारी पूंजी रु.८०,००,००,०००/- हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।

ख) कम्पनीको विषेश साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा १ कित्ता शेयर वरावर नयाँ १ कित्ता शेयर (१:१) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।

ग) यस कम्पनीले देहाय बमोजिमको प्रयोजनका लागि हकप्रद शेयर निष्काशन गर्ने ।

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने कूल रकम यस कम्पनीले संचालन गरि विद्युत उत्पादन गरि रहेको आयोजनाको तपशिल बमोजिम कन्सोंटियम बैंकहरुको आंशिक ऋण भुक्तानी गरिनेछ ।

| क.स | बैंकको नाम | जम्मा ऋण रकम (रु.) | हाल कायम ऋण रकम (रु.)२०८२ कात्तिक |
|---|---|---|---|
| १ | सिद्धार्थ बैंक लिमिटेड | ६२,४७,२७,००० | ५७,८७,५२,१५२ |
| २ | सिद्धार्थ बैंक लिमिटेड (अल्पकालिन ऋण) | २,००,००,००० | १,००,५०,००० |
| ३ | माछापुच्छ्रे बैंक लिमिटेड | १८,१५,७३,००० | १६,०४,५३,९८५ |
| ४ | ग्लोवल आई एम ई बैंक लि. | १५,००,००,००० | १३,२४,४१,८०९ |
| ५ | कुमारी बैंक लि. | १०,००,००,००० | ८,७३,९३,६६३ |
| | **जम्मा** | **१,०७,६३,००,०००** | **९६,९०,९१,६०९** |
| **हकप्रद वापत चुक्ता हुने रकम** | | **-** | **४००,०००,०००** |
| **आंशिक भुक्तानी पश्चात हुने ऋण रकम** | | **-** | ५६,९०,९१,६०९ |

**२) हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस हकप्रद शेयर निष्काशन तथा सम्बन्धि व्यवस्थागत विवरण बमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन् ।

क) पूँजी वृद्धि गरी बैंक कर्जा भुक्तानी गरे पश्चात् ब्याज खर्च कम हुने भएकाले नगद प्रवाहमा सुधार भई भविष्यमा अन्य आयोजनामा लगानी गर्न सकिने वातावरण बनाउने उद्देश्य रहेको ।

ख) विगतमा जस्तै अस्थिर बजार अवस्थाका कारण वृद्धि हुने ब्याजको दरको जोखिम कम गर्न आवश्यक देखिएको ।

ग) आयोजना संचालनको क्रममा हुन सक्ने अप्रत्याशित घटनाहरु जस्तै: मेशिनमा आउन सक्ने खराबी, बाढीका कारण आयोजना केही समयका लागि बन्द गर्नुपर्ने अवस्था आदी सामना गर्नका लागि Margin या Safety कायम राख्न आवश्यक देखिएका ।

घ) कम्पनीले आफ्नो पूँजी वृद्धि गरी बढ्दै गईरहेको प्रतिस्पर्धालाई समेतलाई ध्यानमा राखि कम्पनीको स्थितिलाई अझ मजबुद बनाउन ।

ङ) जलविद्युतको माग देश तथा छिमेकी राष्ट्रहरुमा पनि बढ्दो क्रममा रहेको हुनाले यसमा भएको लागानी सुरक्षित रहेको र निकट भबिष्यमा अझौ सवल भएर जाने हुनाले ।

**३) निष्काशनबाट प्राप्त हुने सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने कूल रकम यस कम्पनीले संचालन गरि विद्युत उत्पादन गरि रहेको आयोजनाको तपशिल बमोजिम बैंकहरुको आंशिक ऋण भुक्तानी गर्न प्रयोग गरिनेछ ।

| क्र.स | बैंकको नाम | जम्मा ऋण रकम (रु.) | हाल कायम ऋण रकम कात्तिक | हकप्रद शेयर निष्काशनबाट प्राप्त रकम उपयोग योजना रकम (रु.) |
|---|---|---|---|---|
| १ | सिद्धार्थ बैंक लिमिटेड | ६४,४७,२७,००० | ५८,८८,०२,१५२ | १७,१८,२६,३२६ |
| २ | माछापुच्छ्रे बैंक लिमिटेड | १८,१५,७३,००० | १६,०४,५३,९८५ | ९,६२,७२,३९१ |
| ३ | ग्लोवल आई एम ई बैंक लि. | १५,००,००,००० | १३,२४,४१,८०९ | ७,९४,६५,०८५ |
| ४ | कुमारी बैंक लि. | १०,००,००,००० | ८,७३,९३,६६३ | ५,२४,३६,१९८ |
| | **जम्मा** | **१,०७,६३,००,०००** | **९६,९०,९१,६०९** | **४०,००,००,०००** |
| | **हकप्रद वापत चुक्ता हुने रकम** | **-** | **४०,००,००,०००** | **४०,००,००,०००** |
| | **आंशिक भुक्तानी पश्चात हुने ऋण रकम** | | ५६,९०,९१,६०९ | |

**र) हकप्रद शेयरको बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली,२० को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिनसम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, पानीपोखरी, महाराजगञ्ज, काठमाण्डौ । |
| २. | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौं । |
| ३. | श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, जलविद्युत गृह रहेको स्थान थप्रेक, पञ्चकन्य गाउपालिका वडा नं. ४, नुवाकोट । |
| ४. | एन आई सी एशिया बैंक लिमिटेडको शाखा कार्यालयहरु क्रमश : विराटनगर, विरगञ्ज, नारायणघाट, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी, सुर्खेत, पञ्चकन्या र त्रिशूली । |
| ५. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविकका शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशन कर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको वेभसाइट www.buddhabhuminepalhydro.com.np तथा

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एन आई सी एशिया क्यापिटल लिमिटेडको वेभसाइट www.nicasiacapital.com मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई उचित निर्णयमा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु एन आई सी एशिया क्यापिटल लिमिटेड, बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड तथा नेपाल धितोपत्र बोर्डको वेभसाइटमा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु भन्दा अगाढी नेपाल धितोपत्र बोर्डको वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाइनेछ।

**निष्काशन बैंक (Banker to the Issue):**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा एन आई सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाण्डौलाई तोकिएको छ र निष्काशन बैंकले खाता नं.०५४४४५४४५१०२५७३२ प्रदान गरेको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**
यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३, विद्युत नियमन आयोग तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनीको रहेको छ ।
साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम कम्पनीका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको कम्पनीको उद्घोषण रहेको छ । कम्पनीले आ.व. २०८०/८१ वार्षिक साधारण सभा मिति २०८१/०९/२९ गते सम्पन्न गरेको छ । साथै, कम्पनीले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.व. ०८०/८१ सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/११ को प्राप्त पत्रानुसार कम्पनीको आ.व. ०८०/८१ सम्मको विवरणहरु अद्यावधिक रहेको छ ।

**१) क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुका लागि निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "IRN BB (Is) " (Pronounced as Infomerics Rating Nepal Issuer Rating Double B) प्रमाणपत्र प्राप्त गरेको छ । "IRN BB (Issuer Rating)" ले कम्पनीको Moderate risk of default regarding timely servicing of financial obligations रहेको भन्ने बुझिन्छ । इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA (Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड IRN AAA ले बलियो आधार जनाउँछ र IRN D ले कमजोर आधार जनाउँदछ । रेटिङ्गमा दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" "-(Minus) चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक/नकारात्मक स्थितिलाई जनाउँछ । इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति: २०८२/०४/०८ रहेको र उक्त रेटिङ्गको बहाल रहने अवधि मिति २०८३/०४/०७ सम्म रहेको छ ।

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| २०७८/०७९ | ५३२.५० | ३०६ | ३५५ | २,०७,६५० |
| २०७९/०८० | ४८४.७० | ३१२ | ३३५ | ८,३६,२२१ |
| २०८०/०८१ | ७४२ | २७०.१० | ६३७ | २९,२६,२१९ |

| | | | | |
|---|---|---|---|---|
| २०८१/०८२ | ६८९.८० | ४४०.०० | ५०७.२३ | ४८,००,५३४ |

पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| **महिना** | **अधिकतम शेयर मूल्य (रु)** | **न्युनतम शेयर मूल्य (रु)** | **अन्तिम बजार मूल्य (रु)** | **शेयर कारोबार संख्या** |
|---|---|---|---|---|
| कार्तिक २०८२ | ४५५.०० | ३९३.०० | ४२०.०० | १,३३,०२० |
| मंसिर २०८२ | ४५९.०० | ४१९.२० | ४३९.९० | १४९०४३ |
| पुस २०८२ | ४७३.०० | ४३०.३० | ४५४.८० | १५४३२३ |

नोट: कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| **क्र. सं.** | **संचालकहरुको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १. | पूर्ण लाल श्रेष्ठ | अध्यक्ष | |
| २. | प्रमोद खड्का | संचालक | |
| ३. | दिपक लाल अमात्य | संचालक | |
| ४. | इल्या दीक्षित भट्टराई | संचालक | |
| ५ | प्रकाश सापकोटा | संचालक | |
| ६. | रमेश मान प्रधान | संचालक | |
| ७. | निर कुमार क्षेत्री | स्वतन्त्र संचालक | |

NIC ASIA CAPITAL
Your Friend For Prosperity

029178

idea to iPO
Connecting the dots...

स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

चलानी नं.:११३४/२०८२/०८३

मिति: २०८२/०९/०९

श्री नेपाल धितोपत्र बोर्ड
नियमन विभाग,
खुमलटार, ललितपुर ।

विषय : डयु डेलिजेन्स सर्टिफिकेट बारे ।

महोदय,

पानीपोखरी, महाराजगञ्ज, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको श्री बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडले १:१ को अनुपातम साविकका शेयरधनीहरुलाई जारी गर्न लागेको रु.१००/- अंकित दरको ४०,००,००० कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस क्यापिटल मन्जुर गर्दछौं । साबिक शेयधनीहरुलाई हकप्रद शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । प्रस्तावित विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत बनेको अन्य नियमावली, विनियमावली निर्देशिका समेतको पालना गरिएको उद्घोषण गर्दछौं । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराइन्छ ।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट जानकारी प्राप्त भए बमोजिम हामिले जाने बुझेसम्म तथ्यगत, पूर्ण, सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको प्रत्येक कागजातहरुको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशन गर्न लागेको हकप्रद शेयर धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०७५ बमोजिम सूचीकरण हुन योग्य रहेको छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको हकप्रद शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. हामीले नेपाल धितोपत्र बोर्डबाट जारी गरिएको "धितोपत्र,दर्ता तथा निष्काशन नियमावली, २०७३" तथा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरु सँग अनरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाइएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट

नाम : रामेन्द्र रायमाझी

पद: प्रमुख कार्यकारी अधिकृत

सही : ..........

कार्यालयको छाप : NIC ASIA CAPITAL


१ नेपाली
एक DEMAT खाता

ISO 9001 : 2015 Certified Capital

NIC ASIA Capital Limited
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel No: 977-1-5705994, 570566
Email: info@nicasiacapital.com Website: www.nicasiacapital.com
नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन गर्न अनुमति प्राप्त संस्था

**G. Paudyal & Associates**
**Chartered Accountants**
**ICAN Regd. No.: 307**
**PAN : 602785567**

5th Floor, Tewa Tower
Teku, Kathmandu
Tel: 01-5333709
Website: www.gpa.com.np
Email: info.gpaca@gmail.com

## TO WHOM IT MAY CONCERN

We have examined the projection of fiscal year 2082/83, and 2083/84, 2084/085 of **the Buddhabhumi Nepal Hydropower Company Ltd**. for the purpose of issuance of right share in accordance with the Nepal Standards on Assurance Engagements (NSAE 3400) applicable to the examination of prospective financial information.

The assumptions and the projections have been prepared by the management of the company. The Board of Directors (BOD) of the company is fully responsible for the reasonableness and appropriateness of the assumptions undertaken and projected financial statements preparation on that basis. The assumptions shall be the part of the prospectus to be issued as per section 23 of the Company Act, 2063. The assumptions for financial projection taken by the management are as follows:

1. Share capital has been increased to Rs. 800,000,000 as the company is issuing the right share at a ratio of 1:1 of Rs 400,000,000 in F/Y 2082/83 which shall be subscribed fully.
2. The amount collected from the right share shall be utilized as below.

| Particulars | Amounts |
|---|---|
| No. of Right shares to be issued | 4,000,000.00 |
| Ratio of Right share | 1:1 |
| Right shares to be issued | 4,000,000.00 |
| Inflow from Right Share | 400,000,000.00 |
| Payment of Long Term Loan | 400,000,000.00 |

3. Actual addition of property plant and equipment up to Ashad end 2082 has been booked and for the upcoming periods, no addition of property, plant and equipment has been projected. Depreciation on property, plant and equipment has been projected as per rate prescribed by the Income Tax Act, 2058.
4. Amortization on the project assets has been projected on straight line basis over useful life. As per Clause 2, Sub clause 2.1 of the Power Purchase Agreement, the agreement shall be valid until the earlier of 30 years from the Commercial Operation Date (12/10/2108) or the expiration of the generation license (12/26/2104). Therefore, the Power Purchase Agreement is valid till 12/26/2104 (i.e. expiration of generation licensee). Calculation table of Amortization of Service concession arrangement is:

| S.N. | Particulars | Amount |
|---|---|---|
| A | **Remaining Period as on 32.03.2082 (in Years) (Approx)** | 23 |
| | Remaining Cost of Service Concession Arrangement as on 32.03.2082 | 1,295,272,434.24 |
| B | Total | **1,295,272,434.24** |
| D | **Amortization per Year (B/A)** | 56,316,192.79 |

5. Revenue receivables have been projected for 2 months of the revenue amount.
6. Dividend has not been projected in coming years.
7. Loans Advances & Deposits and Current Liabilities & Payables have been projected as per past trend.
8. Upto Kartik end 2082, actual income earned from power sales has been booked and for upcoming years income from power sales has been projected on the basis of average energy generation of past 3 fiscal years.
9. Royalty expenses on electricity generation have been projected as per the provision of section 11 of Electricity Act, 2049.
10. Income tax has been projected as per the Provision Income Tax Act, 2058.
11. Project operation expenses has been projected at 5% increase in every year from fiscal year 82/83. However in such figure abnormal repairs & maintenance incurred in fiscal year 81/82 has been adjusted while projecting such figure in 2082/83.
12. Administrative expenses has been projected at 5% increase in every year from fiscal year 82/83.
13. Employee benefit expenses has been projected at 5% increase in every year from fiscal year 82/83.
14. Staff bonus has been projected as per Electricity Act 2049.
15. Interest expenses are based on existing debt agreements with an average interest rate of 9% per annum.

Based on our examination of the evidence supporting the assumption, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the forecast. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions.

Actual results may be different from the projection since anticipated events frequently do not occur as expected and the variation may be material.

**For: G. Paudyal & Associates**

Chartered Accountants

CA Shambhu Pd. Chaudhary

Partner

Date: 2082-9-1

UDIN Number:

G. Paudyal & Associates KATHMANDU Chartered Accountants

UDIN Number:251216CA00069JgUXC

TP ADHIKARI
& ASSOCIATES
Chartered Accountants

**UDIN: 251116CA00572cfmUk**

**INDEPENDENT AUDITOR'S REPORT TO THE SHAREHOLDERS OFBUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED**

**Opinion**

We have audited the financial statements of **M/S Budhhabhumi Nepal Hydropower Company Limited.,** which comprise the Statement of Financial Position as at Ashad 32, 2082 and Statement of Profit &Loss, Statement of Cash Flowfor the period, Statement of changes in equity and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements of the Company read togetherwith the Significant Accounting Policies and Notes to the Accounts forming part of the accounts for the year ended Ashad 32, 2082 are prepared, in all material respects andgives a true and fair view, in accordance with applicable Nepal Financial Reporting Standards and comply with provisions of the Companies Act, 2063.

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation of the financial statements in accordance with the Generally Accepted Accounting Principles (GAAPs)and Nepal Financial Reporting Standards (NFRS) prevalent in Nepal and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters relating to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.Those charged with governance are responsible for overseeing the company's financial reporting process.

TP ADHIKARI & ASSOCIATES Kathmandu Chartered Accountants

2nd Floor, 732/60, Tanka Prasad ghumti sadak
Anamnagar, kathmandu-29, nepal I G.P.O. 10915
+977-1-5706917, 5706816 I +977-1-4247917
Email: info@tpadhikari.com I www.tpadhikari.com